## ”खोइ तिमीमा चेतना?”

फूलवारी हो पृथ्वी
विभिन्न जातको
विभिन्न वर्णको
विभिन्न धर्मको
जन्मनु के गल्ति हो र?
एउटा समाजको
एउटा वर्णको
एउटा राष्ट्रको
एउटा जातिको
परिधिभित्र ?
फाल्टै परिधिभित्र
जन्मनु के पाप हो र ?
किन त्यो भेदभाव?
किन त्यो अहमपना?
किन त्यो इर्ष्यापना?
किन त्यो आक्रोसपना?

हे चेतनशील
सर्वश्रेष्ठ प्राणी
खोइ तिमीमा चेतना ?
खोइ तिमीमा मानवभावना ?

जन्मनुको अर्थ हो
जीवनको यात्रा आरम्भ गर्नु
गन्तव्य टुगिंन्छ एकदिन
त्याग्नु पर्छ यो संसार
सबै खरानी हुनु पर्छ
यहि माटोमा मिल्नुपर्छ
जानु छ सबै एकै ठाउं
हे सर्वश्रेष्ठ प्राणि हो
खोइ तिमीमा चेतना?
खोइ तिमीमा मानवभावना?